श्रमको सम्मान गरौं ।
Let's respect labour !

श्रम शक्ति नै राष्ट्र शक्ति हो !!
Labour Force is Nation Force !!

# Nepal Trade Union Congress
# नेपाल ट्रेड युनियन काँग्रेस

NTUC

राष्ट्रिय समिति

च.नं Ref. No.: ०३-२०७६/७७-८

मिति Date:

२०७७ साउन २९

## शोक बिज्ञप्ति

नेपाल ट्रेड युनियन काँग्रेससंग आबद्ध राष्ट्रिय संघ नेपाल प्रेश युनियनका महाधिवेशन प्रतिनिधि बरिष्ठ पत्रकार बलराम बानियाँको आकस्मिक रुपमा भएको अस्वभाविक निधनको खबरले नेपाल ट्रेड युनियन काँग्रेस अत्यन्तै मर्माहत भएको छ । निज बानियाँको निधनले मुलुकले एक असल र होनहार पत्रकार गुमाएको छ । बिगत ३ दिन देखि सम्पर्क बिहिन अवस्थामा रहेका पत्रकार बानियाँको शव मकवानपुर, भीमफेदी गाउँपालिकाको सिस्नेरी स्थित माण्डू जलविधुत आयोजनको फिल्टरको जालीमा अड्किएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ र त्यसको सनाखत समेत फोटोको माध्यमवाट गर्नुले धेरै प्रश्नहरु जन्माएको छ । मुलुकका ब्यथिति र भ्रष्टाचारका विरुद्ध निरन्तररुपमा कलम चलाउदै आएका एक इमान्दार र निष्ठावान पत्रकार बानियाँको निधनसंग जोडिएका सबै प्रश्नहरु र आशंकाको खोज तथा अनुसन्धान गरि सत्य तथ्य उजागर गर्न सम्बन्धित सबै निकाय संग यस महासंघ जोडदार मांग गर्दछ । यस दुखद घडीमा मृत आत्मा बानियाँप्रति यस महासंघ हार्दिक श्रधान्जली सहित शोकाकुल परिवारजनमा गहिरो समवेदना ब्यक्त गर्दछ ।

..................................
योगेन्द्र कुमार कुंवर
महासचिव

Binayaknagar, Bulbule Marga, Kathmandu-10, Nepal
P.O.Box: 5507, Tel.:+977-1-5244954, Fax: +977-1-5244959, Email: info@ntuc.org.np
ntucoffice@gmail.com
www.ntuc.org.np